# राजकुमार नायब बहादुर शाह र उनले बाँधेका स्थिति

— ज्ञानमणि नेपाल

जुन बेला देशको शासनव्यवस्था असल कर्मठ शासकको हातमा जान्छ, त्यस बेला जनतामा पनि उत्साह-शक्ति बढेर आउँछ, कार्यदक्षता पनि प्रकाशमा आउँछ र विद्याको विद्वान्को कदर हुन्छ। कार्यको मूल्याङ्कन भयो भने नै मानिसले आफ्नो उत्साह, जाँगर र शक्ति प्रदर्शन गर्ने अवसर प्राप्त गर्दछ। यसरी असल शासन व्यवस्थामा देशले सर्वाङ्गीण विकास हुने मौका पाउँछ, यस्तो अवस्था-मा देश आफ्नो प्रभाव फैलाउन र क्षेत्रफल बढाउन मात्र होइन, आफ्नो कीर्तिपताका फिंजाउन पनि सक्षम हुन जान्छ। यस्तो अवसर इतिहासकालमा यदाकदा मात्र देशमा आएको अनुभव हुन्छ।

नेपालको इतिहासमा लिच्छविकाल उन्नत मानिन्छ। यस कालमा भएका कतिपय शासकहरूले देशको अभिवृद्धि मात्र गरेनन्, देशको आन्तरिक व्यवस्था बाँधी समृद्धि बढाउने काम पनि गरे। मानदेव देश बढाउन र एकता कायम गर्न अघि बढेका थिए भने, अंशुवर्मा देशको बन्दोबस्त बाँध्नमा दत्तचित्त थिए। देशका जनतालाई सुविधा दिने खालका अनेकौं शासनपत्र उनले प्रसारित गराएका थिए। उनले आफूलाई हरबखत जनताको स्थिति व्यवस्था बाँध्नमै दत्तचित्त भएको सावित गर्न खोजेका थिए। यसैले प्राचीन इतिहासमा उनको नाम चम्किरहेको छ।

पूर्व मध्यकालमा नेपालमा संकुचितता र संकीर्णता-ले घर जमायो। देश टुक्रिएको मात्र होइन यसको शासन व्यवस्था पनि खलबलिएको थियो। यसै अवस्थामा स्थिति मल्लको उदय एक नयाँ युगको सूत्रपात गर्न समर्थ हुन्छ। उनले देशलाई आन्तरिक औ बाह्य कलहबाट पनि उकास्ने प्रयास मात्र गरेनन् अनेकौं स्थिति व्यवस्था बाँधेर आफ्नो नाम सार्थक पनि गरे। यसपछि देश बढाउने काम नगरे पनि स्थिति बाँध्नेमा र जनताको सुखदुःख हेर्नेमा यता महेन्द्र मल्लको नाम आउँछ भने उता गोरखाका राजा रामशाह-को नाम स्थिति बाँध्नेमा अग्रणीका रूपमा रहेको छ। स्थिति मल्लका स्थिति र रामशाहका स्थिति प्रकाशित औ प्रचारित भइसकेका छन्।

आधुनिक नेपालको निर्माणमा ठूलो योगदान गर्ने बडामहाराज पृथ्वीनारायण शाहको संपूर्ण जीवन देशको एकीकरण गर्ने काममै व्यतीत भयो। उनको अरू बाईसी चौबीसी जित्ने महत्त्वाकांक्षा बाँकी नै थियो। त्यसपछि देश-को आन्तरिक स्थिति सुधार्न बाह्र हजार स्थितिबन्देज बाँध्ने धोको पनि उनको थियो। परन्तु कालले पर्खेन, असमयमै बाउन्न वर्षको उमेरमै उनको स्वर्गारोहण भइगयो। एकीकरणको अभियान पूरा हुन बाँकी नै रह्यो। स्थिति-बन्देज बाँध्ने काम पनि पूरा भएन।

पृथ्वीनारायण शाहको शेषपछि केही वर्ष एकी-करणको अभियानमा शिथिलता आयो। यद्यपि बाबु जस्तै

विजिगीषु प्रकृतिका षाड्गुण्य खेल्न सक्ने बहादुर शाह थिए, तर दाजु भाउजुसंग पनि उनको राय फाटयो र उनले परदेशमै धेरै समयसम्म लरखरिई रहनुपऱ्यो। आखिर संवत् १८४२ मा राजेन्द्रलक्ष्मीको मृत्यु भएपछि नेपाल आएर रणबहादुर शाहको नायब बनी उनले शासन सूत्रको बागडोर आफ्नो हातमा लिएर पुनः पूर्ववत् विजयाभियानको कार्य चालू गराए। पूर्व विजय भएर विजयपुर राज्यको किरातप्रदेश बाबुकै पालामा नेपालमा सम्मिलित भइसकेको थियो, यसको सीमाना बढाएर टिष्टासम्म ठेगाउने काम भयो भने उत्तर बढेर तिब्बतमा प्रभाव जमाएर दिगर्चा दखल गर्ने काम पनि भयो। पश्चिममा बाईसी चौबीसी राज्य नेपालमा गाभ्ने र कुमाउ गढवाल विजय गर्ने काम पनि पूरा भयो। बहादुर शाहको ६-७ वर्षको शासनकालमै यति काम पूर्ण हुन आयो। नेपालको इतिहासमा यो समय अत्यन्त उत्कर्षको थियो। न यसबेला केही आन्तरिक कलहले ठाउँ पायो न अव्याहतगतिले बढेको विजयाभीयानमा कतै रोकिने स्थिति आयो।

पृथ्वीनारायण शाह आफ्नो जीवनकालमा नेपालदूनका तीन राज्य र पूर्वका तीन सेनराज्य जित्न समर्थ भएका थिए। बाईसी चौबीसी राज्यलाई नजिती नछोड्ने उनको अभिप्राय भए पनि यो काम उनको जीवनकालमा संभव भएन, बाऱ्ह वर्ष जतिपछि बहादुर शाहको नायबी कालमा यो काम एक्कासी आएर तीव्र गतिले सफलता प्राप्त गर्दै अघि बढ्यो।

यस सन्दर्भमा बहादुर शाहको खुबी उनको राजनैतिक सुझबुझलाई जति तारिफ गरे पनि कम हुन्छ। यहाँनेर पृथ्वीनारायण शाहले देश विजयमा लिएको नीतिको बारेमा अलिकति समीक्षा गर्ने आकांक्षा हुन आउँछ। पृथ्वीनारायणले जति पनि राज्य जिते, तिनमा पूर्ववर्ती राजाको कुनै अधिकार औ शक्तिलाई बाँकी राखेनन्, उनले जितेका छवटै राज्यमा उनको एकाधिकार रह्यो। उनले पूर्ववर्ती राजाहरूको सामन्तीपन बाँकी राख्नु त परै जाओस् कुनै किसिमको लागदावीसम्म पनि बाँकी रहन दिएनन्। बहादुर शाहले भने जोरी खोज्ने जतिसंग लड्ने, तिनको गायगादी हर्ने गरे पनि शरण पर्ने र संबन्ध परेका राजाहरूको राज्य सिंहासन थामिदिने नीति लिएका थिए। यसै नीति अनुरूप पाल्पा लगायत कतिपय पश्चिमी राजाहरू सामन्तको रूप प्राप्त गरेर हालसम्म पनि कायम रहिरहे।

पृथ्वीनारायण शाहभन्दा अघि अर्थात् पूर्व मध्यकालदेखि नै राज्यमा राजाका सबै राजकुमारहरूको लागदावी हुन्छ भन्ने भावनाले जरो गाडी राखेको थियो, राज्य सिंहासन बाबुपछि जेष्ठभागी हुन्छ भन्ने धार्मिक मान्यता कायम भएकै भए तापनि व्यवहारमा भने यसको त्यति प्रयोजन मानिएन। कि त राजकुमारहरू राज्यमा सबै मिलेर शासन गर्दथे कि बाँडेर राज्य सञ्चालन गर्ने गर्दथे। यस्तो अवस्थामा कति वेला आन्तरिक संघर्ष चल्दथ्यो कति वेला मारकाटका घटना पनि घट्न आउँथे।

उपर्युक्त कुराबाट पाठ सिकेका पृथ्वीनारायण शाह राज्यमा एकाधिकार पारेर जेष्ठभागीको नियम चालू राख्न चाहन्थे, उनका भाइहरूले भने पुरानो मध्यकालको परम्परा अनुरूप सबै भाइले विजित राज्यको सिंहासनमा अधिकार पाउनुपर्छ सबैले बाँधेर राज्यको उपभोग गर्नुपर्छ भन्ने चाहना राखिराखेका थिए। पाटन, भादगाउँ जित्नेबित्तिकै भाइहरूसंग उनको यस विषयमा खटपट परिहाल्यो। भाइहरूको कुरालाई ठेउलाएर उनले एकीकरणमा बाधा पर्ने कुरा स्वीकार गरेनन्। यसै कारण आफ्ना ससुरालीको राज्य सिंहासन लिएपछि कुनै माया मोलाकाज नगरी त्यहाँका सबै साला जेठानलाई कैदमा राखेका थिए भने भादगाउँको राज्य जितेपछि पनि मित बाबुको मोलाकाज नगरी उनलाई काशी पठाइदिएका थिए। सिंहासन कायम राख्ने र सामन्ती रूप दिने कुरामा उनी सहमत नभएको भन्ने कुरा यताबाट प्रकट हुन्छ। त्यसो गर्दा पहिलेको जस्तो विखण्डन आउने औ सङ्घर्ष बढ्ने कुरा उनले झलझली देखेका हुनुपर्छ। बहादुर शाहले भने यस नीतिमा अलिकति परिवर्तन ल्याए। अलिकति उदारताको नीति अपनाए। एक त अब नेपाली शक्तिलाई हाँक दिन सक्ने शक्ति बाईसी चौबीसीमा रहेन। सामन्ती रूपलाई मान्यता दिने नीति स्वीकृत हुने बित्तिकै हात्तीहौंवा बाईसी चौबीसीमा धेरै राज्य आश्रित हुन आउने र तिनको सहयोग सहायताले अरू अविजित प्रदेश जित्ने बाटो सजिलोसंग खुल्ने हुँदा उनले यो नीतिमा उदारता लिएका थिए। चौबीसी राज्यमा पाल्पा राज्य बलियो मानिन्थ्यो। सो राज्यसंग आफ्नो वनी वासको बसाइले र नाता सम्बन्धले पनि

बहादुर शाहको आत्मीयता बढेको थियो। उसलाई सामन्तको दर्जामा राखेर उसको सहायताले पर्वत आदि राज्य जित्न उनलाई सजिलो पनि परेको थियो। यसै अनुरूप अरू कति राज्यहरू नेपालमा आश्रित बनी रहे।

खण्डित नेपालका यी विभिन्न राज्यमा विभिन्न रीतिस्थिति चालचलन हुनु स्वाभाविक थियो। यिनमा करप्रणाली पनि एकनासको थिएन। नयाँ नयाँ जित्तिँदै आएका यी सबै राज्यहरूमा झारा बेठ बेगार र रकम लिने तरिका पनि मिलाउन जग्गा जमीनको नापी नक्सा गर्नु पनि आवश्यक हुन आयो। त्यस बेला राज्यको एक मात्र आम्दानी हुने ठूलो स्रोत जग्गाकर नै थियो। जग्गा परिमाण पनि धेरैजसो कुनै अनुमानका र कुनै किसानको भरमा खुर्पा ढ्याकका आधारमा पनि आश्रित थियो, धेरैजसो बीऊ बिजनको आधारमा। बीऊ बिजनको परिमाणले जग्गाको परिमाण बुझिने परम्परा ज्यादै पुरानो हो। यसैले कुल्यवाप, रोपनी, मुरी आदि नाम जग्गाको परिमाण बुझाउन प्रयुक्त हुन आएका हुन्। हालसम्म पनि नेपाल राज्यका पाखा बारी बिजनका हिसावले रकम ठेगिएका छँदैछन्। हाल नापी भएका ठाउँमा चाहिं यो प्रथा तोडिंदैछ।

बहादुर शाहलाई युद्ध खर्चका लागि धनको धेरै आवश्यक पऱ्यो। उनका पालामा माथि भने जस्तै चारै दिशामा लडाइँ चलिरहेको थियो। विजित राज्यमा नयाँ व्यवस्था बाँध्नु थियो। नयाँ जागीरदार भर्ना गर्नु पनि थियो। यसैले उनले जग्गा जमीन नापी गरी अबल, दोयम, सीम, चहारका रूपमा दर्ता गरी चारै किसिमको कर ठेगी लिने प्रथा कायम गर्न शुरू गरे। धेरै पहिले जितिएको ओल्लो किरातमा अर्थात् सांगापूर्व दूधकोशी पश्चिमको इलाकामा सं. १८४८ मा नापी टोलो खटाई पठाए।[1]

बहादुर शाहले जग्गा नापी गर्ने जग्गा अनुसार नरम करम मिलाई रकम कलम ठेग्ने जुन पद्धति चलाउन लागे, यसमा उनले निकै ठूलो विरोधको सामना गर्नु परेको थियो। एक त सानो तिनो नगण्य सरकारी रकम तिरेर भोग चलन गरिरहेको जग्गामा नापी गरी जग्गाको निश्चित परिमाण अनुसार रकम लिंदा संभवतः बढी पैसा तिर्नुपर्ने नै भयो। बढी पैसा तिर्नुपर्दा जनतामा संतोष नहुनु त छँदै थियो। अर्को कुरा धर्ती माताको अन्त्य लिनुहुँदैन। नापी गरेर परिमाण लिनु भनेको धर्ती माताको अन्त्य लिएको ठहर्दछ भन्ने विश्वास साधारण जनतामा मध्यकालदेखि जमिआएको थियो। बहादुर शाहको पालासम्म यस्तो विरोधको कुरा जनस्तरबाट भारदारका तर्फबाट उठ्यो उठेन ? उठे तापनि यसले प्रकट रूप लिन सकेको देखिंदैन।

उनको अधिकार खोस्न र खोसिएपछि भने उनका विरोधमा सरकार तर्फबाट पनि धेरै कुरा भए। जनस्तर-बाट पनि यहीं धर्तीमाताको अन्त्य लिएको पाप उनलाई लागेको हो भन्ने कुरा उठाइयो। वंशावलीकारले यसै कुरालाई अघि सारेर उनको विरोधको कुरा लेखेको छ।[2]

यसरी देशको आन्तरिक व्यवस्था बाँध्नमा पनि उनी दत्तचित्त थिए भने देश विजयको अभियान पनि चलाएका थिए। दिगर्चा जितेपछि भोटको अपीलमा पेचिनबाट बादशाहले टुङथ्याङको नेतृत्वमा एक सैनिक दल पठाएका थिए। पहिले चीनीसेनासंग नेपाली सेनाको मुठभेड भए पनि पछि गएर मिलाप भयो, तर नेपालको उत्तरी सीमा निश्चित गरियो। अब नेपालको भोटतर्फ बढ्ने आशा चाहिं हरायो। आर्थिक दृष्टिले पनि नेपाल-को केही हानि नै भयो। भोटबाट चाँदी ल्याएर नेपाली मुद्रा ढालेर भोटमा प्रचलन गर्ने प्रथामा पनि प्रतिबन्ध लाग्यो। यसबाट सरकारी कोषमा हुन आउने आम्दानी-मा घाटाको वेपारको बढोत्तरीबाट पूर्ति हुने भएकोमा सन्तोषै भयो, औ उता भयो। चीन बादशाहसंग प्रत्यक्ष सम्बन्ध भएर सौगातको आदान-प्रदान हुने परिपाटीले नेपालले गौरवकै अनुभव गऱ्यो। सम्झौता पछि रणबहादुर शाहले युद्धमा विजय प्राप्त होस भनी गरेका भाकल पूरा गर्नतर्फ बहादुर शाह लागे। यसै सिलसिलामा नुवाकोटको भैरवी मन्दिरमा सुनको छाना ढोका हाल्ने काम गर्न उनी सं. १८४९ फागुनमा नुवाकोटमा गई बसेका थिए। यसै वेला उनले अब आफ्नो टिष्टादेखि गढवालसम्म फैलिएको नेपालको आन्तरिक व्यवस्था बाँधन शासन व्यवस्था सुचारुरूपले चलाउन

केही स्थिति बन्देजका कुरा बाँधेका छन् ।[3] उनको यो स्थितिको कागज अत्यन्त छोटो छ, तर पनि भरसक भन्नुपर्ने कुरा सबै पार्न खोजिएको छ । यसबाट एक त बहादुर शाहको मनोभावनाको बोध हुन्छ, दोस्रो उनले जग्गाको पैदावार बढाउन जग्गाको नापी गराएर नरम करम मिलाएर कर लाएकोले वंशावलीमा उल्लिखित धर्तीमाताको अन्त्य लिए भन्ने कुराको पनि पुष्टि हुन्छ ।

सं. १८४६ फागुन वदि ४ रोज ४ मा नुवाकोट व्यासीको त्रिशूलीको किनाराको सेरा दरबारमा बसी यो स्थितिबन्दोबस्तको कागज लेखाएका थिए । यसपछि राजा रणबहादुरसंग उनको मत मिलेन । बहादुर शाहको चलनचाँजामा चलन नचाहँदा रणबहादुरले काकालाई राजकाजबाट अलग गर्न चाहे । आखिर बहादुर शाह राज्यकार्यबाट अलग्गिएर ढाक्रे भई बसे । ढाक्रे भई बस्ता पनि उनको दरवारमा भारदारीमा आदरसत्कार बढी भएको र उनको प्रतिष्ठाले सबैतिर ढाकेकोले असहिष्णु भई रणबहादुर शाहले उनीसंग राज्यसञ्चालन गर्दाको ७ वर्षको आम्दानी खर्चको हरहिसाव मागे । यत्रो विशाल नेपाल निर्माण गर्दा चौतर्फका प्रतिवर्ष घटेका सन्धि, विग्रहमा भएको खर्चको फाँटवारी पेश गर्नु संभव थिएन । यस्तै निहुँ र कान्तवतीको कारणले पनि विरोध बढ्दै जाँदा रणबहादुरले काकालाई कैद गरे । ४ महीना जति कैदमा रही धेरै कष्ट पाएर १८५४ आषाढमा बहादुर शाहले प्राण छोडे । बहादुर शाहको मृत्यु कसरी भयो यो आजसम्म रहस्यै भएर रहेको छ ।

बहादुर शाहलाई कैदमा राखी १८५४ को बैशाखमा अम्बालाई पठाएको पत्रमा रणबहादुर शाहले बहादुर शाहका उपर बाह्रवटा अभियोग लगाएका छन् ।[4] परन्तु ती सबैजसो अभियोग काल्पनिक खालका पुराना भइसकेका छन् । तिनमा धेरैजसो आफू र आफ्नो आमालाई दगा गरेको, मान नराखेको थियो भन्ने खालका छन् । भोटसंग युद्ध गर्‍यो, फिरंगीसंग मेल राख्यो भन्ने कुरा पनि उल्लिखित छ । तर षाड्गुण्य खेल्नेका लागि सन्धि विग्रहका कुरा अवस्था र औसर माफिक हुने हुँदा रणबहादुरका अभियोग त्यति सार्थक लाग्दैनन् । रणबहादुर उपर साँच्चै उनले दगा गर्न खोजेका भए आफू सर्वशक्तिमान् भएका बेला जसरी पनि गर्न सक्ने थिए । यसकारण यी काल्पनिक थिए भन्ने अनुमान हुन्छ । बहादुर शाहको मृत्युपछि चीनतर्फ पठाएको पत्रमा विराम परेर त्यसैका तासिरबाट बहादुर शाह बिते भन्ने कुराको उल्लेख रणबहादुर शाहले गरेका छन् । थुनेका बेला पठाएको पत्रमा उनका उपर धेरै रीसरागका कुरा उकेलिएका भएपनि मृत्यु उपरान्तको पत्रमा भने धेरै सहानुभूति व्यक्त गरिएको देखिन्छ । विराम पर्दा जेलबाट निकाली औषधोपचार गर्दागर्दै केही नलागी दैवइच्छा त्यस्तै हुँदा कालगतिले परलोक भए भनी लेखिएको छ ।[5] चार महीना जति नजरबन्द भई १८५४ साल आषाढमा बहादुर शाहले आफ्नो गलामा पासो बाँधी संसारलाई छोडिदिए भन्ने कुरा इतिहासमा प्रसिद्ध छ । बहादुर शाहले अनशनद्वारा प्राण त्याग गरे भन्ने कसैको मत छ । फेरि कसैले यिनको रणबहादुरको हातबाट मृत्यु भएको हो भनी भनेका छन् ।[6]

बहादुर शाहको अवसानले नेपालको एक सुनौलो युगको अन्त्यको श्रीगणेश गर्‍यो । बहादुर शाह एक सच्चा देशभक्त मात्र थिएनन् देशको परिस्थितिलाई राम्ररी बुझेका एक नीतिकुशल पनि थिए । उनमा पृथ्वीनारायण शाहका पुत्रमा हुनुपर्ने धेरै गुण विद्यमान थिए । आफ्ना बाबुले उठाएको एकीकरणको अभियान उनले सर्वथा पूर्णतामा ल्याए । उनको छोटो शासनकालमा आन्तरिक कलहले कुनै स्थान पाएन । सबै भाइभारदार एकमत एकजुट बनी देश विजयको महान् यज्ञमा होमिइरहेका थिए । सातवर्षको उनको शासनकालमा पूर्व कनकाईबाट बढेर सुखीमको पहाड मधेश जिती टिष्टा साँध लाग्यो भने पश्चिममा यमुना साँध लागेको थियो । बाईसी, चौबीसी, कुमाउ, गढवाल राज्य जितेर नेपालको एकीकरणलाई उनले पूर्ण पारे । यो उनको देनलाई कहिल्यै बिर्सिइने छैन । औ उनको महत्त्व कम आँकेर लेखिनेछैन । परन्तु कतिपय इतिहासकारहरूले एक अभिनिवेशमा लागेर बहादुर शाह जस्ता एकीकरणको राष्ट्रिय अभियान सफल पार्ने देशभक्त राजनीतिज्ञलाई राष्ट्र विरोधीको रूपमा र राजनीति परिस्थितिलाई पर्गेल्न नसक्ने तीन खण्डको एक खण्ड देश गुमाउने भीमसेन थापालाई राष्ट्रिय विभूतिका रूपमा चित्रण गर्ने प्रयास गरिरहेकाले यी इतिहासका पात्रका बारेमा यथार्थ कुरा जान्नु बुझ्नु पनि परेको छ । बहादुर शाह राजनीतिमा मात्रै कुशल

होइनन्, प्रशासनको काममा, देशको आर्थिक स्थिति सुधार्नमा र न्याय-निसाफ दिलाउनमा पनि दत्तचित्त थिए।

उनले प्रथमतः पहिले जितिएको सांगापूर्व दूधकोशी पश्चिमको पहाडी प्रदेशमा नापी गराउने र मालपोत ठेग्ने काम गरे। यो उनको देशको आम्दानी बढाउने प्रथम प्रयास थियो। २० मुरी माटाको अवल जग्गामा रू. ४, दोयममा रू.३ सिममा रू.२ रकम लाइएको छ। लालमोहर स्याहानोहरमा नदेखिएका त्यसै मयावी खाइरहेका जग्गाहरू जफत गरेर लिने र सरकारी गराउने यसमा मुख्य कुरा किटिएका थिए।

चीन युद्धताका उनले नेपाली सैनिकलाई तीव्र रूपमा बढाउन थालेका थिए। विदेशबाट विशेषज्ञ झिकाई आफ्ना सैनिकलाई तालीम दिने, हातहतियार गोली गट्टा-हरूको कारखाना खोल्ने काम पनि गरेका थिए। मेगजिन बारूदखाना आदिमा काम गर्नेहरूको तलब भत्ताको पनि व्यवस्था बाँधेका थिए। विशेष कुरा त्यस्ता कामदार कुल्लीहरूको कामको समय तोकिदिएका र विदाका दिन पनि निश्चित गरिदिएका थिए।[7] विदाका दिन पर्वतेहरू-का र नेवारहरूका छुट्टाछुट्टै गरिदिएका थिए। नेवारहरूका स्थानीय चाडपर्व र जात्रामात्रामा गरी विदाका दिन बढी परेका थिए। यसरी उनी देशको आर्थिक स्थिति बढाउने सैनिक शक्तिलाई तीव्र पार्दै लैजाने, शस्त्रास्त्रका नयाँ नयाँ कारखाना खोल्ने, नयाँ नयाँ सैनिक भर्ना गर्ने, देशको न्याय-व्यवस्थामा सुधार ल्याउने आदि काममा दत्तचित्त हुँदै थिए। यस्तैमा राजा रणबहादुर शाहको उमेर बीस वर्ष पुगिसकेको थियो। अब उनले राज्यको भार आफै बोकी बहादुर शाहलाई नायबीबाट बर्खास्त गरे। बहादुर शाह पनि आन्तरिक कलहतिर नलागी राज्यकार्यबाट अलग्गिएर बसे, तरपनि उनले धर पाएनन् र नानाभाँती लान्छना लागेर अपमानित ढङ्गले जेलमा परे। आफू खुशी भएका राजाले कान्तवतीलाई ल्याएपछि त काका भतिजामा झन् मनोमालिन्यको वृद्धि भयो[8] र कैदमा पर्नु मात्रै होइन आखिर उनले आफ्नो ज्यानै गुमाउनु पऱ्यो।

यसरी इतिहासका पानामा यस्ता वीर देशभक्तहरू शहीद बनेका उदाहरणहरू धेरै छन्। तिनमा पूर्वाग्रही दृष्टिकोण नराखी निष्पक्ष रूपले हामीले विचार गर्न सक्नुपर्छ। बहादुर शाहले गरेका उपर्युक्त क्रियाकलापका बारेमा त धेरै हामीले सुनिसकेका पनि छौं। मुख्य उनले बाँधेका स्थितिका बारेमै अहिले छलफल गर्नुपरेको छ। उनले बाँधेको सो स्थिति उनका नामबाट अलग्गिएर धेरैकाल त्यसै पडिरह्यो। पछि सम्भवतः अंग्रेजसंगको युद्धमा हार खाएपछि पुराना कुराको संझना हुन लाग्यो। यसै सन्दर्भमा बहादुर शाहका साथमा रही उनका स्थितिका कुरा टिपिराख्ने सुबेदार धर्मसिंहले यो स्थितिको कागज श्री ५ मा टक्र्याएका थिए। सो पनि त्यसै गुप्त भइरहेकोमा हाल परराष्ट्र मन्त्रालयको सौजन्यबाट प्राप्त गरी पाठकका सामु प्रस्तुत गर्दैछु र पहिले यसका बारेमा अलिकति विश्लेषण पनि गर्न चाहन्छु। पृथ्वीनारायण शाहको उपदेश जस्तै हुँदा यसलाई बहादुर शाहको उपदेश भने पनि हुन्छ।

यसमा सर्वप्रथम राजाको काम कर्त्तव्य औंल्याउँदै दिनचर्याको वर्णन गरिएको छ। यो कुनै शास्त्रको आधार-मा बोलिएको नभएर उनको आफ्नै अनुभवका आधारमा व्यक्त गरिएको विचार हो भन्ने बुझिन्छ। राजाले दिनरातमा के कति काम कसरी कुन कुन समयमा गर्नुपर्छ भनी तोकेर आचार्य कौटल्यले लेखेका छन्। त्यसमा दाँजेर हेर्दा बहादुर शाहको भनाइले प्रायः मेल खाँदैन। कौटल्यले लेखेको र बहादुर शाहले बोलेको राजाको दिन-चर्याका बारेमा दाँजेर हेर्नु प्रासङ्गिक होला भनी पहिले त्यसै गर्दछु।

कौटल्यले लेखे अनुसार राजाको दिनचर्या यस प्रकारछ—

"उद्योगी राजाका कर्मचारीहरू पनि उद्योगी नै हुन्छन्, बेहोसी राजाका कर्मचारीहरू पनि बेहोसी नै हुन्छन् र काम पनि सबै बिगारिदिन्छन्। अनि वैरीहरू-द्वारा ठगिन्छन् पनि। त्यसकारण राजाले उद्योगी जाँगरिलो हुनू। बिहान सबेरै बाजाको आवाजसंगै उठी आफ्नो कर्त्तव्यको विचार गर्नू।"

'३ बजेदेखि ४.३० बजेसम्म मन्त्रीसंग सरसल्लाह गर्नू र जासूसहरू खटाउनू।'

"४.३० बजेदेखि ६ बजेसम्म ऋत्विक् आचार्य पुरोहितद्वारा शान्तिस्वस्तिको काम गर्नू र वैद्य ज्योतिषी भान्सेसंग बसी शरीरको आराम-विराम, शुभाशुभ, खाना-

पिनाको कुराको पनि सल्लाह गर्नू । गाई,वाच्छा, बहरको पनि प्रदक्षिणा गरी सभामा जानू ।''

''६ बजेदेखि ७.३० बजेसम्म देशको शान्ति,सुरक्षा र आमदानी खर्चको कुरा सुन्नू ।''

''७.३० देखि ९ बजेसम्म रीति दुनियाँका मुद्दा हेर्नू ।''

''९ देखि १०.३० सम्म नुहाइ धुवाइ गर्नू र खाना खानू, स्वध्याय पनि गर्नू ।'

''१०.३० देखि १२ बजेसम्ममा नगदको हिसाब लिनू र हाकिमहरूसंग भेट्नू ।''

''१२ बजेदेखि १.३० बजेसम्म मन्त्रिपरिषद्संग पत्र पठाएर सल्लाह गर्नू । जासूसमार्फत गुप्तिकुराको जानकारी लिनू ।''

''१.३० देखि ३ बजेसम्म आराम गर्नू वा सरसल्लाह गर्नू ।''

''३ देखि ४.३० सम्म हात्ती, घोडा, रथ, सैन्यको हेरचाह गर्नू ।''

''४.३० देखि ६ बजेसम्म सेनापतिका साथमा युद्धसम्बन्धी विचार गर्नू । साँझमा सन्जेमा बस्नू ।''

''६ देखि ७.३० सम्म जासूसहरूसंग भेट्नू ।''

''७.३० देखि ९ बजे सम्ममा स्नान, भोजन र स्वाध्याय पनि गरिसक्नू ।''

९ बजे बाजाका साथमा सुतेर ३ बजे बाजाका साथमा उठ्नू । अथवा आफ्ना जीउको शक्तिबल विचार गरेर उपर्युक्त कार्यतालिकामा फेरबदल गरेर काम गरे पनि हुन्छ'' भन्ने कुरा कौटल्यले लेखेका छन् ।[9]

बहादुर शाहले बताएको राजाको दिनचर्या–

४ घडी दिन चढ्दा ओछ्यानबाट उठ्नू ।

१२ घडीसम्ममा स्नान, पूजा, भुजा पनि गरिसक्नू ।

६ घडी अर्थात् १२ देखि १८ घडीसम्म सुत्नू ।

२ घडी अर्थात् १८ देखि २० घडीसम्म मन्त्रि–भारदारहरूसंग एकान्त सल्लाह गर्नू ।

२० देखि २९ घडीसम्म ९ घडी कचहरीमा बस्नू, देशदेशावरको कुरा बुझ्नू ।

३० घडी अर्थात् साँझमा सन्ध्या गर्नू ।

बेलुका ४ घडी रात जाउन्जेलसम्म फेरि मन्त्री भाइभारदारसंग बसी कचहरी गर्नू ।

कौटल्यको दिनचर्या जति व्यापक औ विस्तृत दुर्धर पनि छ, त्यसको लेखा बहादुर शाहको दिनचर्या संक्षिप्त औ सरल पनि छ । बहादुर शाहको यो भनाइ तात्कालिक प्रचलित राजाको दिनचर्यामा केन्द्रित भएको बुझिन्छ । कौटल्य राजाले सखारै तीन बजे उठ्ने कुरा बताउँछन् भने बहादुर शाह छकालसम्म सुत्ने कुराको पुष्टि गर्दछन् । धर्मशास्त्र अनुसार पनि ब्राह्ममुहूर्त (पाँच घडी रात बाँकी छँदै) मै उठ्ने कुरा लेखिएको हुँदा बहादुर शाहको भनाइ धर्मशास्त्र, अर्थशास्त्र अनुरूप नभई रणबहादुर शाह सुहाउँदो थियो भने हुन्छ । अनि उनी १२ घडीसम्म पाठपूजा भुजामै बिताउने कुरा गर्छन् । त्यस बेलाको समाजमा बिहानभरि पाठपूजामा बिताउनु सबैको ग्राह्य, मान्य दिनचर्या थियो । अनि उनले राजालाई लामो समयसम्म कचहरीमा बसाल्ने प्रयत्न गरेका हुँदा सबै वाह्य आभ्यन्तर राजकाजका कुरा त्यसैमा सिध्याउन त्यसो गरेको अनुमान हुन्छ । उनका अनुसार दिउँसो नौ घडी र रातमा चार घडी राजाले कचहरीमा बिताउनु पर्ने देखिन्छ । दिउँसो डेढ घण्टा आराम गर्ने कुरा कौटल्य ले लेखेका छन् । बहादुर शाहले दिउँसो छघडीसम्म सुत्ने कुरा बताएका छन् । बहादुर शाहले धेरै समय मधेश मुगलानतिर बिताएका हुँदा दिउँसो सुत्ने बानीमा उनी स्वयं पनि परेका थिए भन्ने अनुमान हुन्छ । नभए ठण्डा पहाडी मुलुकमा दिउँसो सुत्नु कुनै जरूरी पनि होइन । धर्मशास्त्र अनुसार दिवास्वप्न एउटा ऐशको उदाहरण पनि हो ।

यसपछि हाकिम पगरी भर्ना गर्ने कुरा आउँछ । एक अड्डाका हाकिमको काम कारवाहीमा अर्को हाकिमको हस्तक्षेप बढ्न नदिने कुरा उनले लेखे ।

यसपछि किल्ला ठाना आड बनाउने कुरा आउँछ । यो कुरा पृथ्वीनारायणको उपदेशमा पनि पर्दछ । त्यसबेलाको युद्धोन्मुख नेपालको लागि यी सबै कुरा अपरिहार्य पनि थिए ।

यसपछि न्यायनिसाफ दिने कुरा आउँछ। यसमा बहादुर शाहको कुरा बडो घतलाग्दो छ। आजभोलि नेपालको मुलुकी ऐनको पुस्तकको प्रस्तावनामा, "धर्मशास्त्रले मात्र काम नचल्ने हुँदा यो ऐन बनाउनु परेको हो" भन्ने भावको कुरो लेखिएको छ। 'आजकल चल्याको रीतले अन्याय पर्छ, धर्मशास्त्रको रीत गरुँ भन्या मिल हुन्या छैन' भनी उनले भनेका छन्। यसबाट मुलुकी ऐन बनाउन श्रीगणेश गर्ने बहादुर शाह नै हुन् भन्ने कुरा देखिन्छ। ऐन बनाउँदा गुरु, पुरोहित, धर्माधिकार, धर्मशास्त्र पढेका पण्डित, भारदार, भला मानिस, मरमहाजन राखी धर्मशास्त्रहरू र देशकाल परिस्थिति व्यवहार हेरी ऐनको तर्जुमा गर्नू, र ताँबापत्रमा लेखाइ राख्नू, सोही अनुसार अदालतका विचारीले मुद्दामामिला छिन्नू भन्ने कुरा पनि यस उपदेशमा उल्लिखित छ। अदालतमा निष्पक्ष व्यक्तिलाई तैनाथ दिनू। उसका तजवीजले जति जना आवश्यक पर्छ, त्यति जना विचारी नियुक्ति गर्नू र चार जना पण्डित सोह्र जना थरघर तैनाथ गरिदिनू। अदालतमा एक कम्पनी पल्टन खटाइदिनू र उसले अपराधीलाई पक्राउ गर्ने काममा मद्दत दिने व्यवस्था गर्नू भन्ने कुरा लेखिएको छ।

हाकिमलाई नियुक्ति दिएपछि तीन वर्ष बाटो हेर्नू, राम्रो काम गर्नेलाई थमौति गरिदिनू। हाकिमहरूको जागीर खान्की निश्चित गरिदिनू र असल काम गर्नेलाई दर्जा बढाइदिनू, खान्की नबढाउनू भन्ने कुरा पनि उनले गरे। पृथ्वीनारायण शाहको उपदेशमा पनि यस्तै भावको कुरा व्यक्त गरिएको छ। भारदारलाई दौलत कमाउन नदिनू, दौलतमा ठूलो मोह हुन्छ, मेरा भारदारहरू शोख शयलमा लागेर आलसी भएनन् भने मेरो तरवार चारै खुटामा बज्नेछ भन्ने कुरा उनले बोलेका थिए। सोही अनुरूप बहादुर शाहको पनि मत छ र पहाड मधेशको जग्गा नापी गराई श्रेस्ता दुरुस्त गरी राख्नू र श्रेस्ता बमोजिम रकम लिनू बढी नलिनू भन्ने पनि उनको मत थियो।

त्यसवेला मधेश तराई धेरै उजार थियो। तराई आवाद गुल्जार गराउने आम्दानी बढाउनका लागि इजारामा जग्गा नदिनू, जिमिदारी प्रथा कायम गर्नू भन्ने कुरा उनले बोलेका थिए। अरू आम्दानी खर्च समेतको व्यवस्था बाँधेका थिए। यस अतिरिक्त उनले पर्ती, बाझा टार जग्गा बिराउने लक्ष्य पनि राखेका थिए। यसै अनुरूप पूर्वको तुलिङ्टार र पश्चिमको अर्घौं फाँट (पोखरा) बिराउने कुरा उनले गरेका थिए। सिपाही भर्ना गरी जागीरमा जग्गा दिने र नपुगमा नगद दिने कुरा उनको थियो।

रजौटाले दशैंमा दुइटा रांगो बुझाउने र फागूपूर्णिमामा सितौ तिर्ने व्यवस्था गरेका थिए।

विशेष कुरा पुरोहितलाई जजमानले नछोड्ने कुरा र आफ्ना पुरेत बाहेक अरूलाई जजमानले नपूज्ने स्थिति गराएका थिए। यो कुरा उनको धार्मिक भावनाले अभिप्रेरित थियो। लालमोहर गर्दा चारजना मानिसका रोहवरमा गर्नू र गरेपछि त्यसको पालना पनि गर्नू भन्ने उनको विचार थियो। विजयपुरमा र भेरीपारका इलाकामा मात्र सुब्बा राख्ने अन्त नराख्ने उनको विचार थियो। हाकिमहरूलाई जुन जुन अधिकार दिई खटाइएको हुन्छ। तिनको सवाल लेखी काम कर्त्तव्य खुलाई खटाई पठाउने कुरा उनले गरे। बहादुर शाहका धेरै उपदेश बाबु पृथ्वीनारायण शाहका उपदेशकै अनुसरण गर्दछन्।

न्याय निसाफ दिने, कर्मचारीलाई धन कमाउन नदिने, इमान्दारको दर्जा बढाइदिने, घूस खानेलाई दण्ड दिने इजारा (ठेक्का) मा मुलुक नलाउने, जग्गा बिराउने, बस्ती बसाई मुलुक अवाद गुल्जार गराउने आदि कुरा दुवै बाबु छोराका समान देखिन्छन्। बहादुर शाहका पालामा धेरै रजौटा भएका हुँदा उनीहरूबाट कर लिने कुरा आफ्ना राजा रणबहादुर शाहका काम कर्त्तव्यका कुरा हाकिम कारिन्दा भर्ना गर्ने कुरा उनका विशेष छन्। नेपालमा लिखित मुलुकी ऐनको व्यवस्था गर्ने कार्यको शुरूवात उनैबाट भएको थियो। शास्त्रले मात्र यो आधुनिक कालमा न्याय निसाफको कार्य गर्दा रीत नमिल्ने कुरा सर्वप्रथम उनैले बोलेका थिए। यो व्यवस्था बाँधेका दुई वर्षपछि उनी अपदस्थ भइगए। उनले आफूले चिताएका कुरा गर्न त पाएनन्। तर रणबहादुर शाहले जस्तोसुकै भएपनि केही केही दण्ड विधानका कुरा व्यवस्थित गरी ताँबापत्रमा कुँदाएर राखेको देखिन्छ। यस कार्यमा उनलाई काकाले बाँधेका व्यवस्थाको प्रभाव

परेको हुनुपर्छ । पछि तुम्लिङ्गटार अर्घौ फाँटमा विराउने जस्ता कार्य तीव्रताका साथ भए ।[10] यी योजना पनि बहादुर शाहकै बुद्धिकाउपज थिए । बहादुर शाहले भने जस्तै प्रत्येक हाकिम कारिन्दालाई सवाल लेखी काममा खटाइन्थ्यो । बहादुर शाहका विसिनसक्ला देश विजयका र देश विकासका कार्यले हाम्रा इतिहासमा उनी सधैं चिरस्मरणीय हुन जानेछन् । कतिपय विदेशी प्रभावित इतिहासकारहरूले उनलाई भीमसेन थापाभन्दा तल्लो दर्जामा होच्याएर राख्ने प्रयास गरे तापनि उनका कार्य र उनले बाँधेका स्थिति व्यवस्थाले उनी होचिँदैनन्, उनका यी उपदेश पढेर उनका बारेमा पाठकहरू स्वयं जानकारी गर्न समर्थ हुनेछन् । त्यसकारण उनका केही पत्र र उनले स्थिति व्यवस्था बाँधी गरेको उपदेश पनि यथावत् प्रकाशित गर्न चाहन्छु ।

– १ –

## बहादुर शाहले बाँधेका स्थिति
## श्रीदुर्गाज्यू सहाये

स्वस्तिश्री सम्वत् १८४९ साल मिति फाल्गुन वदि ४ रोज ४ मा मुकाम नुवाकोट व्यासि कैफियत मुलुक सदर मोफसलका बन्दोबस्तको कागज–

मालिकले घरि ४ मा जागो हुनु घरि १२ मा सनान पूजा ज्यूनार गरि सक्नु. घरि ६ सम्म सुकला गर्नु. घरि २ मा भारदारसंग यकान्त गर्नु. घरि ९ सम्म कचहरि गर्नु. देसदेसान्तरको बात सुन्नु. बातका वाकिफ राषनु. घरि ३० मा संझ्याको दरसन् परसन् भयापछि बर्षासि गर्नु. आफ्ना २ आराममा रहनु. रातको प्रहर १ सम्म कचहरि गर्नु. ताहा उप्रान्त कचहरि बषस गर्नु, दिनरातको दस्तुर येसै गर्नु.

चौतरिया काजि सर्दार षजान्चि डिठा जेठावुढा खरिदार कप्तान सुवेदार द्वान्या विचारि छेंभडेल इटा-चपलि टुसाल कपर्दार अडै यति पगरिलाइ आफ्ना आफ्ना काजमा जुदा जुदा गरिदिनु–

अर्को पगरिको काम अरूले नगर्नु. यति पगरिमा पनि जसलाई आष्तियार गरि दिनु छ. उसैसंग बसि घटाई बढिया हुन्छ कि वढाई वढिया हुन्छ सो तजविज गरि वढि घटिको काम गर्नु.

नईपालमा एक किल्ला वलियो गरि वनाउनु– चौतरफाका रस्तामा संधीसर्पन हेरि जगाविसेस किल्ला तुल्याउन्या ठाउँमा किल्ला बनाउनु. ठाना वनाउन्या ठाउँमा ठाना बनाउनु. आड बनाउन्या ठाउँमा आड बनाउनु. तेसमा जति किल्ला ठाना आड ठहर्छ. तेसमा जगेरा किल्लाको सम्भार विग्रयाको मर्मत र अर्घौ पछिको रषवार गर्नु,

आजकाल चल्याको रितले अन्याये पर्छ. धर्म-सास्त्रको रित गरु भन्या मिल हुन्या छैन. तसअर्थ गुरु प्रोहित धर्म अधिकार अरू दुइ चार पण्डित भरदार थरघर भला मानिस माहाजन राषि सल्लाह गर्नु. देस अनसारको बेवहारसित सबै निसाफ अपराध माफिकको दण्ड तांवापत्रमा लेषनु. यउटा निको मानिसलाई अषति-यार गरिदिनु. तेसले जतिवटा विचारि ठहराउँछ. तति गोटा विचारि राषिदिनु. चार पण्डित सोह्र जना थरघर तैनाथ दिनु. अदालथबाट डाक्दा सबैले जानु. जो जादैन तेस छेउ गुनागार लिनु. डाक्नु वोलाउनु. पियादागिरि गर्नु यक कम्पनि निजामत राषिदिनु. ताक्सिर पऱ्यामा. हज्यूरमा निन्ति गरि तामापत्र वमोजिम तुम्त्रि गर्नु. यसो भया निसाफ पर्छ–

जसलाई पराई जौन कामको अष्तियारि पगरि दिनु छ. तस्को वर्ष ३ सम्म बाटो हेर्नु. कामकाज बेसरि चलाउन दिनु. वर्ष ३ सम्मको बेवस्ता त सदर ठहऱ्यो भन्या बाहाल गरिदिनु. विसदर ठहऱ्यो भन्या ताकित गरि दिनु–

पगरि पगरिको उचानिचा षानगिको सिरिस्ता बाधि दिनु. रिझाउन्यालाई हुदा बढाई दिनु. षानगि नवढाउनु–

पाहाड नेपाल मधेस जगा जमिन जाच गर्नु. जांचि आयाको फिरिस्ति सर्कारमा राषनु. जसलाई जगाजमिन दिनपऱ्या फिरिस्ति हेरि दिनु–

पाहाड नेपाल मधेसको जगा जगाविसेक रैबंदिदेखि सिवाय लिया आमिलकन तुम्बीह गर्नु–

तराई हाम्रो उजार छ. क्या अर्थ भन्या जगाको जिमिदार नहुदामा यवः गठ मूलुक येकैलाई ईजारा हुदामा हो. रैतिहरू काठमाण्डौ फिरायेद गर्न आर्वस भन्या टाढा-को दर्वार हुदा दसविस रुपैया षर्च चाहिन्या तसअर्थ जगा नपाउन्याहरू इजाफ आमिनलाई दुइचार रुपैया दिई आमिन षुसि गराई बस्छन्. जग्गा पाउन्याहरू वेछरर भै देस जान्छन्. तस निमित्त जिमिदारी सिरिस्ता वांधनु. रैति छपर भया जिमिदारिको नोक्सान हुन्छ. मुजुकमा अन्याये भया जिमिदार फिराद गर्न आउन सक्छन्–

इजारा अमालि लाउदा जगा षापि नदिनु. छुट्पुट गरिदिनु. जति वर्षको बडकरारि छ. ताहासम्म घटिबढि नदिनु. कवोलियत बमोजिम रतिभर नछाडि लिनु बढ्यापनि घट्यापनि इजारादारैको हो. कैल्हे नाफा हुन्छ. कहिले टुटा हुन्छ. तसअर्थ ईजारा लाउदा जगा जाचि मिनाहा गरि ठिका कौडि वांधि महिनाबाह्रको किस्ति वांधि माहाजन जामिन लिनु. किस्तिका मितिमा रुपैया नपुग्या सुत समेत लाइ दिनु–

दर्वारको जिनसि किनाराषर्च हात्तिसार कठमहल काट्ट गर्नु. तस्को यक गुनमास्ताहा षडा गर्नु.

दर्वारको ठूलो ठूलो षर्चका गुठ छुट्याइ राषनु मधेस र नेपाल षाडल्को चौतरफको जगा त जाहा दुम षेत थोरै मुलुक ढेरै भयाको जगा षानि टक्सार येति थोक जाचि नगदि बाधनु.

दरोवस्त पाहाड र विह्राउन माफिकको जगा जाहा जाहा छ. तुपलुंटार अर्घुफाट समेत विह्राईकन सब जागिरमा हालनु. तेसले नपुग्या हुँदि सिपाहि भारालाई नगदिमा दिनु–

कपरा किनारा अनाजको भाउ घटाउन वढाउनको जिनिसिको चौधरि षडा गर्नु–

हाम्रा राजमुलुकमा जति रजौटा थामियाका छन्. तिनीहरूको जगा विसेमा दसैंको रागो र फागुका सलामिको कर लाउनु.

वर्न वर्नको पूज्य ब्राह्मन छुट्याइदिनु. आफ्ना पूज्यबाहेक जजमानले अर्कालाई नपुजनु. ब्राह्मनले आफ्ना जजमान वाहिक अन्त पुजाउन नजानु–

सवै कामकाजको मोहोर हुदामा चारजना मानिस जाचन्या षडा गर्नु, उनेहेरूको जाचमा सदर ठहर्‍यो भन्या मोहोर गर्नु. उनिहेरूले बदर ठहराया मोहोर नगर्नु.मोहोर भयापछि मोहोरको सहि थामनु. मोहोर नमान्यालाई तुम्विह गर्नु. मोहोरको वेहोरा काम पर्‍याको भया जाचन्यालाई तुम्विह गर्नु–

भारादारको दस्तुर बाधी दिनु. दस्तुरवाहिक घुस थाई मामिला विगार्नमा पर्‍या भन्या तुम्विह गर्नु–

विजैपुर र भेरिपार बाहिकमा सुब्भा नराषनु. ति सुब्भाहरूले षायाको मुलुकमा तिलंगा ढलेल सिपाहि राषनु. दुवाऱ्या हाल्याको जगा जति छ. जाचिकन ईजारामा लाउनु.

मुलुकको बस्दोवस्तकन भारदारलाई पट्टि पट्टि छुट्याई दिनु बोर गरि नलाउनु–

येसमा जौन कामको अषतियार जसलाई होला तेस्को विस्तार बन्दोवस्त सबाल सोहि लेषि ल्यावला शुभम्

(पीठमा पछि लेखेको)

बाहादुर साहाले थिति गर्‍याको कागत धर्म्मसिं सुवेदारले चह्रायाको थिति

राजनीतिको वंशावली.

– २.

**ओल्लो किरातप्रदेशमा नापी गर्न खटाएको लालमोहर सं. १८४८**

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का……

आगे रामदास पंथ नारायण अर्ज्याल इच्छानन्द बराकोटि दशरथ वानिआ दल्याथापा रामचन्द्र बस्न्यात रामचन्द्र राना प्रभृति सिंधुनालदुमपूर्व दूधकोसीपश्चिम महाभारतका डाडादेखि उत्तर लिस्ति र भोटको सांधदेखि दषिन यति भित्रको जगा जिमि तप्सिल माफिक जाच्न तिमिहरूलाइ भारा लाग्यू षतिज्मासित जाचका सवाल वमोजिम गयाका काज थामि बक्सौंला–

**तपसील**

प्रजाका किपट राजाले दियाका तावापत्र र तारपत्र भोजपत्र मोहर जांचनु जांचदा पक्का ठहरिया सलामि लीं थामी दिनु— १

ग्रौंल मुरि २० के रुपैया ४, दोयम मुरि २० के रुपैया ३, सिम मुरि २० के रुपैया २, जसमा पत्र छैन सिक्रिया प्रजाके भिझाऱ्याके मुरि ४० वेठ वेगार डोको वोको गन्र्या कुन्र्या कुरियाके मुरि ३० थामी छुट्याई दिनु. गाउँको सेवा विर्ताको मोहर गराइदिनू मोहोरको सलामी वीसको ग्राठग्राना दरले दर्सन भेट लिनु. वढता झिकि लिनू— २

ग्रौलिया प्रजाके मिझाऱ्याका मुरि ६० वेठवेगार डोकोबोको गन्र्या कुरियाके मुरि ४० थामि छुट्याइदिनु. गाउंको सेवा विर्ताको मोहोर गराई दिनु.मोहोरको सलामी बीसको ग्राठ ग्रानाका दरले दर्शन भेट लिनु वडता झिकि लिनु— ३

हाम्रा मोहोर भयामाँहा काजका जोरले कच्चा पक्का नवुझी कट्टै भयाको भया ग्राज जांची वुझी गर्नु— ४

नेपाल्या राजाले मयावि दियामा धडचारी वारी चाहिदो पाषा थामी दिनु वढता पाषा षेत झिकि लिनु— ५

मोहरिया छाप जोग्य ग्रजोग्य पऱ्याको हेर्नु. मोहोरमा नलेषियाको षेत झिकी लिनु— ६

इति सम्वत् १८४८ साल मिति श्रावण शुदि २ रोज २ शुभम्

— ३.

**मुसेदिललाई कारखानाको सरदारी दिई गरिदिएको लालमोहर सं, १८५०**

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्क

ग्रागे मुसेदिल पेसी (?) साहेवके नयां कार्षाना तोप्वम् पल्टेका इलम सिषलावनेको सर्दारी मान कर वक्सा हैं. तुह्मारे षायल दर्माहा मार्गसीर सुदि ३ महिना-वारि रुपैग्रा ५०१ पान्सय येक व:र बक्सा हैं बारा जिल्लाका ग्राम्दानीमध्ये सुवामार्फत् सालवसाल लेके भोग्य करो ग्रौ हनुमत्ध्वज कंपनी तैनाथ कर वक्सा है. नग्रा कार्षाना मेगजीनका काम नग्रा नग्रा इलम् तोपवम् पल्टका कवाइत् सिषलाउना मेष्जीन गैरह कार्षानाका ग्रादमी तुह्मारे तैनाथका कंपनीका ग्रादमि ए सबका चुकली विति तागिरी वाहाली तम्वोह इलम् तुह्मारे मार्फत कर बक्सौंगे. लडाग्री भिडाग्री सव काम्मो हाजीर रहा करो. इति सम्वत १८५० मार्ग सुदि ३ रोज ६ शुभम्—

— ४.

**कामदारहरूको बिदा सम्बन्धी लालमोहर सं. १८५०**

स्वस्तिश्रीमन्महाजाधिराजकस्य रुक्का

ग्रागे...... हुकुम् ठंठाका दिनमें छव घडी दिन ग्राये पर कार्षानामें सव कारिगढ हाजीर होना. गर्मिका दिनमें चार घडि दिन ग्रायेपर हाजीर होना. साम्तके काम करके घर जाना. कार्षानामें हाजिर रहना. पर्वत्या कारिगढ ग्राफ्ना बावुका श्राद्ध दसै तीहवार माध्या संक्रांति साउन्या संक्रांति ग्राफ्नु व्यांह छोरा छोरीको व्याह नेवार कारिगढी दसै तिहवार सनागुठी देगुल पुजा विचार गुठी श्रीमुकुट जात्राको दिन १ को छुट्टी वक्सा गया है. ग्राफ्ना घरमें रहना ग्राफ्ना काम कर्ना इसमाफिक जो ग्रादमी दीन् रहते में जायेका तिस्का तमीह होगा ग्रौ दर्माहामें कर्मा होगा— १

हुकुम जौन ग्रादमि ग्रच्छि तरहसौं मेहनति गरेका ग्रच्छाकाम बनावेगा. जल्दि ग्रकिल ल्यावैगा हुकुम रषेका कुछ तर्क्सारका काम नकरैगा तिस्की दर्माहा वढ होगा ग्रौ इलाम होगा— १

हुकुम जौन ग्रादमि षिलाफ वातका झगरा चुकलि करेगा ग्रौ चोरी करेगा बाहरका काम कार्षाना सिलागा (?) हुकुम वमोजिम् नकरैगा तिस्का तमीह होगा. कार्षानासौ निकाल जायेगा. तिन्सौं गुनहगारी लीग्रा जायेगा— १

**पर्वत्या कागरिढका दिन मिह्ला**

| | |
|---|---|
| दसैंको दिन— | ६ |
| माध्या संक्रांतिको दिन्— | १ |
| चंडी पुर्णीमासी दिन्— | १ |
| रिषी तर्पन् दिन्— | १ |
| तिहार दिन्— | ३ |
| फागुण पुर्णिमा परेवा दिन— | १ |
| हरिसैनि यकादसि— | १ |
| कुस्या औंसी दिन्— | १ |
| हरिवोधनी यकादसी— | १ |
| चैत्र अष्टमी नवमी दिन्— | १ |
| श्रावण संक्रान्ति दिन्— | १ |
| सराधको— | १ |
| | (जम्मा २३) |

**नेवार कारीगढके दिन मिह्ला**

| | |
|---|---|
| दसै दिन— | ४ |
| विचार गुठि दिन— | १ |
| घोडा जात्राको दिन— | १ |
| माध्या संक्रांतिको दिन— | १ |
| सिठीनखः दिन्— | १ |
| भदौ चौठी दिन्— | १ |
| हिल्या जात्राको दिन्— | १ |
| तिहवार— | १ |
| देगु पूजा— | १ |
| आफना बावुको श्राध्या— | १ |
| फागुण पुर्नमासी परेवा दिन्— | २ |
| साउन पुर्नी— | १ |
| बाडा जात्रा | १ |
| सना गुठी— | १ |
| जात्राको दिन्— | ३ |
| चैत दसै— | १ |
| घंटाको चतुर्दसी— | १ |
| कुस्या औंसी— | १ |
| कार्तिक पुर्निमासी— | १ |
| | (जम्मा २७) |

इति संवत् १८५० सालमा मार्ग सुदी ३ रोज ६ शुभम्

(उक्त ३ लालमोहर 'श्री ५ रणबहादुर शाह' मा प्रकाशित छन्)

– ५.

**अन्त्य अवस्थामा बहादुर शाहले**
**रणबहादुर शाहलाई लेखेको पत्र**
**सं. १८५४**

अर्जि

उप्रान्त तांहांको समाचार बक्सी पठाउनुभयो सुन्यु: ये तरहले बंदछ तस्तै गर्नुहवस्. उप्रांत मोहरको सहिमा नआवनु मर्जी माफीक् गरौंला. बकी इहां बस्नाकन त गाह्रो मान्याको छैन. ताहाँ आउन गाह्रो लागी ह्येछ हजुरको मेहेरमानगी कर्ता पनी छैन. तस् कारिन मलाइता इहाँ बस्नु बढिया छ. मुकाम कीला सुभम् सुभम्—

बंदा बहादुर शाहको कुर्नेस बंदगी— ३

(ऐ पत्र संग्रहबाट)

---

## टिप्पणीहरू–

१. पत्र परिशिष्ट २ मा प्रकाशित छ ।

२. "फेरि बहादुर साहले कुमंत्रिका कुरा सुनि नेपालभरका षेत नपाइ टागो हालि वसुंधराका अंत गर्‍याका पापले पिडा गर्‍यो र बहादुर साहकन नेल हालि बंधन गरि मोचन गराया" (प्रस्तोतासंग रहेको वंशावलीबाट)

"ताहाँपछि माहीला साहेव बाहादुर साहले कुमंत्रीहरूका कुरा सुनी नेपालभरका षेतहरू सवै नपाई टांगा हालिदिया र वसुन्धराका अंत लीयाका पापले भारादारका खेल परी श्री ५ महाराजाबाट तीमीले मुक्तीयारी काज काम गर्‍याको आजसम्मको बुझाउनुपर्छ बुझाउ भनी पक्की चाँदीका नेल ठोकी राख्याको थियो बहादुर साह नैलैमा मुक्त भया"

(धनवज्र, ज्ञानमणि नेपाल – ऐ. पत्र संग्रह ७८ पृ. मा उद्धृत)

३. परिशिष्ट १ मा सो स्थितिको पत्र प्रकाशित गरिएको छ ।

४. चित्तरञ्जन नेपाली – श्री ५ रणबहादुर शाह, परिशिष्ट ४ पत्र

५. पत्रको उतार प्रस्तोताका संग्रहमा छ ।

६. श्री ५ रणबहादुर शाह १९ पृ.

७. यस विषयका पत्र परिशिष्ट ३।४ मा प्रकाशित छन् ।

८. ऐ. पत्रसंग्रह ६७ पृ. परिशिष्ट ५ मा पुनः बहादुर शाहको पत्र प्रकाशित छ ।

९. राजानमुत्तिष्ठमानमनूत्तिष्ठन्ते भृत्याः । प्रमाद्यन्त-मनुप्रमाद्यन्ति । कर्माणि चास्य भक्षयन्ति । द्विषद्भि-श्चातिसंधीयते । तस्मादुत्थानमात्मनः कर्वीत ।

तत्र पूर्वे दिवसस्याष्टभागे रक्षाविधानमायव्ययौ च श्रृणुयात् । द्वितीये पौरजानपदानां कार्याणि पश्येत् । तृतीये स्नानभोजनं सेवेत । स्वाध्यायं च कुर्वीत । चतुर्थे हिरण्यप्रतिग्रहमध्यक्षांश्च कुर्वीत । पञ्चमेपेत्र मंत्रि-परिषदा पत्रसंप्रेषणेन मन्त्रयेत । चारगुह्यबोधनीयानि च बुद्धचे त । षष्ठे स्वैरविहारं मंत्रंच सेवेत । सप्तमे हस्त्यश्वरथायु धीयान् पश्येत् । अष्ठमे सेनापतिसखो विक्रमं चिन्तयेत् । प्रतिष्ठितेऽहनि सन्ध्यामुपासती ।

प्रथमे रात्रिभागे गूढपुरुषान् पश्येत् । द्वितीये तूर्य-घोषेण संविष्टः चतुर्थपंचमौ शयीत । षष्ठे तूर्यघोषेण प्रतिबुद्ध : शास्त्रमिति कर्तव्यतां च चिन्तयेत् । सप्तमे मंत्रमध्यासीत गूढपुरुषाँश्च प्रेषयेत् । अष्टमे ऋत्विगाचार्यपुरोहितसखः स्वस्त्ययनानि प्रतिगृह्णीयात्॥ चिकित्सकमहानसिकमौहूर्तिकाँश्व पश्येत् । सवत्सां धेनुं वृषमं च प्रदक्षिणीकृत्योपस्थान गच्छेत् ।

आत्मबलानुकूल्येन वा निशाहर्भागान् प्रतिविभज्य कार्याणि सेवेत ।

कौ. अ. १ अधि १९ अ. १६ प्र.

१०. ज्ञानमणि नेपाल– 'बाँध पैनी कुलोको व्यवस्था विकासको प्रथम चरण हो' नयाँ क्षितिज, वर्ष १ अङ्क ३, २०४०।८।८।५ पृ. ३ ।

(यो लेख सार्फा गर्ने सहायता रमेशकुमार चन्दले गरेको छ । – प्रस्तोता)